सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ बमोजिम ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने विवरण मध्ये (२०७९ साल श्रावण, भाद्र र असोज) महिनाको विवरणः

| क्र.स. | बिबरणको सुची | बिबरण/प्रगति | कैफियत |
|---|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रलाई समेत सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरण सृजना गरी यस क्षेत्रको विकास तथा विस्तार गर्नका साथै दूरसञ्चार क्षेत्रलाई अझ ब्यवस्थित र नियमित गर्न दूरसञ्चार ऐन, २०५३ वमोजिम अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था, नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunications Authority) को मिति २०५४ फागुन २० गते स्थापना भयो। | |
| २. | निकायको काम,कर्तब्य र अधिकार | • दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>• दूरसञ्चार सेवा तथा सुविधा र्सवसुलभ र भरपर्दो बनाउने ।<br>• आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपालभरका शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुऱ्याउन आवश्यक व्यवस्था गर्ने ।<br>• दूरसञ्चार सेवा संचालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरुलाई सहभागी बनाउने ।<br>• दूरसञ्चार सेवा र सुविधा र्सवसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरु बीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने ।<br>• दूरसञ्चार सेवा र दूरसञ्चार सम्वन्धी यन्त्र तथा उपकरणहरुको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने ।<br>• दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने ।<br>• दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र दिने ।<br>• अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसंचार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने ।<br>• रेडियो प्रिक्वेन्सी नीति निर्धारण समितिबाट निर्धारित नीति अनुरुप फ्रिक्वेन्सी सम्वन्धी काम गर्ने ।<br>• दूरसञ्चारको क्षेत्रमा नयां प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने । | |

| | | | |
|---|---|---|---|
| | | • दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने ।<br>• उपभोक्ताहरुको हकहितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने ।<br>• दूरसञ्चारका सम्वन्धमा नेपाललाई International ट्रान्जिटको रुपमा विकास गर्ने, गराउने ।<br>• दूरसञ्चार सेवाको विकास र प्रबर्द्धन लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने ।<br>• दूरसञ्चार सम्वन्धी यन्त्र, उपकरण तथा सुविधाहरुको गुणस्तर निर्धारण गर्ने।<br>• सरकारी नीति निर्देशनलाई ध्यानमा राखी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने।<br>• दूरसञ्चार सेवा प्रदायकहरु बीच र सेवा प्रदायक र ग्राहक बीच पर्ने विवाद समाधान गर्ने।<br>• दूरसञ्चार सेवाको निरीक्षण र जांचबुझ गर्ने।<br>• अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एवं दण्ड जरिवाना गर्ने।<br>• सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिश गर्ने।<br>• क्षतिपूर्ति निर्धारण गर्ने।<br>• सेवा प्रदायकलाई अरुको घर जग्गा उपयोग वा प्राप्तीका लागि आवश्कता अनुसार नेपाल सरकारलाई सिफारिश गर्ने।<br>• महशुल दर र अन्तरआवद्धता सम्बन्धमा निर्देशिका बनाई लागू गर्ने।<br>• प्रधिकरणलाई आवश्यक पर्ने बिनियम बनाउने।<br>• ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्ने रकमको दर निर्धारण गर्ने । | |
| ३. | निकायको रहने कर्मचारी संख्या र कार्य विवरण | स्विकृती दरबन्दीः-११० , कार्यरत कर्मचारी संख्याः-९५ | |
| ४. | निकायले प्रदान गर्ने सेवा | दूरसंचार सेवा संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने , महशुल दर स्वीकृत गर्ने , फ्रिक्वेन्सी (Spectrum) व्यवस्थापन तथा वितरण गर्ने, अनुगमन तथा निरीक्षण कार्य गर्ने, अनुमतिपत्र तथा उपभोक्ता हित संरक्षण कार्य गर्ने , नम्बरीङ्ग ब्यवस्थापन गर्ने,उपकरण स्तर निर्धारण गर्ने, | |

| | | | |
|---|---|---|---|
| ६. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सम्पूर्ण विवरण कार्यालयको वेभसाइटमा उल्लेख गरिएको सोको लिंक https://nta.gov.np/ne/सांगठनिक-संरचना, | |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दूरसंचार ऐन, नियमावलीमा  उल्लेख भए बमोजिम उक्त बिषय नागरिक बडापत्रमा उल्लेख गरिएको, | |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | दूरसंचार प्राधिकरणका शाखा,महाशाखा,निर्देशनालय,अध्यक्ष, प्राधिकरण बोर्ड | |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | नागरिक बडापत्रमा उल्लेख गरिएको, सोको लिंक https://nta.gov.np/wp-content/uploads/Nagarikbadapatra-Final.pdf | |
| १०. | सम्पादन गरेको कामको विवरण | १. ग्रामिण दूरसञ्चार विकास कोष परिचालन गरी प्रदेश नं. १, मधेश प्रदेश र बागमती प्रदेशमा हालसम्म १,३२२ कि. मि. र कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा हालसम्म ३२० कि.मि. अप्टिकल फाइबर बिस्तार गरिएको।<br>२. ग्रामिण दूरसञ्चार बिकास कोष परिचालन गरी ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरु मार्फत ७४ जिल्लाहरुका ७०८ स्थानीय निकायका कार्यालय, ५९३३ वटा वडा कार्यालय, ५३१८ माध्यामिक बिद्यालय र ४२४९ स्वास्थ्य संस्था गरी कुल १६२०८ स्थानमा उच्च गतिको इन्टरनेट कनेक्टिभिटि पुऱ्याउने कार्य सम्पन्न भएको ।<br>३. नेपालको आफ्नै भू-उपग्रह स्थापना र सञ्चालनको लागि संस्थागत व्यवस्था गर्न नियुक्त परामर्शदाताबाट"Assessment of Market and Orbital Positions, Deliverable 2" प्रारम्भिक प्रतिवेदन प्राप्त भई प्राप्त प्रतिबेदन अध्ययन भई रहेको ।<br>४.नेपालमा मोबाइल सेटको गैरकानूनी आयात,विक्री वितरण रोक्न तथा यसको प्रयोगलाई सुरक्षित तथा थप व्यवस्थित गर्न एंव चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ/ब्लकिङ गर्न Mobile Devise Management System (MDMS) सञ्चालनमा ल्याइएको ।<br>५. इन्टरनेट सेवाको गुणस्तरलाई थप प्रभावकारी बनाउन Minimum Requirement of CPE Devices(Home Based Router and ONT/ONU) सहितको मापदण्ड निर्धारण गरि कार्यान्वयनमा ल्याउन दुरसञ्चार सेवा प्रदायकलाई निर्देशन दिइएको । | |

| | | | |
|---|---|---|---|
| | | ५. दूरसञ्चार सेवा प्रदायकहरुको वास्तविक तथ्यांक समेटी २०७९ असार मसान्तसम्मको MIS Report अधवाधिक गरी प्रकाशन गरिएको । | |
| ११. | प्रबक्ता ,सूचना अधिकारी र प्रमुखको नाम र पद | प्रमुखको नाम र पद, श्री पुरुषोत्तम खनाल, अध्यक्ष<br>प्रवक्ता, श्री सन्तोष पौडेल, निर्देशक<br>सहायक प्रवक्ता, श्री अच्युतानन्द मिश्र, उप-निर्देशक<br>सूचना अधिकारी, श्री सूर्य प्रसाद लामिछाने, उप-निर्देशक | |
| १२. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | दूरसञ्चार ऐन २०५३, उपभोक्ता संरक्षण ऐन २०५४, नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६७, नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) विनियमावली २०६८, नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली २०६८, नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँच कार्यविधि सम्बन्धी विनियमावली २०६८ , नेपाल दुरसंचार प्राधिकरणको कार्य सम्पादन सम्बन्धि बनेको विनियमावली,२०६८, दूरसंचार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७३, नेपाल दूरसंचार प्राधिकरणका कर्मचारीहरुको(सेवा शर्त सम्बन्धी) विनियमावली,२०७३, नेपाल दूरसंचार प्राधिकरण खरिद विनियमावली, २०७३, शुल्क स्वीकृति निर्देशिका, अन्तरआवद्दता निर्देशिका, २०६५,Digital Nepal Frame-work, General Licensing Guideline, Internet with Email guidelines, Network Service Guideline, VSAT User Guideline Amendment, Video Conferencing Guideline, Special Guidelines for Prepaid Calling Card, Infrastructure Sharing Guidelines | |
| १३. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण | आ.व.२०७९/८० को आश्विन मसान्तसम्मको विनियोजित बजेट रु. १,४३०,८२५,०००/-<br>आ.व. २०७९/८० को आश्विन मसान्तसम्मको प्राधिकरण तर्फ खर्च रु.<br>४३,८८०,०००/-(३.०७%) | |
| १४. | तोकिए बमोजिमका अन्य विवरण | | |
| १५. | सार्बजनिक निकायको वेभसाइट भए सोको विवरण | www.nta.gov.np | |

| | | | |
|---|---|---|---|
| १६. | सार्बजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण | कार्यालयको सूचना पार्टी र वेवसाइट तथा आवश्यकता अनुसार राष्ट्रिय दैनिक पत्र पत्रिका, | |